**नाम्खा गाउँपालिका**

**मिती २०७६ वैशाख १४ गतेको गाउँ कार्यपालिकाका निर्णयहरू**

**निर्णय नं. १–** केर्मी जलविधुत मर्मतको लागि ग्याविन, सिमेन्ट गाँउपालिकाबाट उपलब्ध गराउने र अन्य कार्य प्राविधिक इस्टिमेट अनुसार मर्मत सम्भार कोषबाट बजेटको व्यवस्था गरि उक्त योजनाको निर्माण कार्य सम्पन्न गर्ने ।

**निर्णय नं. २–** इलिङ स्थित मोवाइल टावरको भवन मर्मतको लागि प्राविधिक इस्टिमेट अनुसार मर्मत सम्भार कोषबाट बजेटको व्यवस्था गर्ने र  १० वटा जस्ता पाता, १० बोरा सिमन्ट यसै गाउँपालिकाको कार्यालयबाट उपलब्ध गराउने ।

**निर्णय नं. ३ –** चाला सामुदायिक भवनको डिल मर्मतको लागि प्रयाप्त  बजेट नभएको कारण यो योजना आगामी आ.व.मा निर्माण गर्ने ।

**निर्णय नं. ४ –** हेप्का हिल्सा माडु निर्माणको लागि गाउँपालिका कार्यालयमा मोज्दातबाट १० वटा जस्ता पाता उपलब्ध गराउने ।

**निर्णय नं. ५ –** सार्वजनिक भवन निर्माण गर्दा सरकारी नियमानुसार जग्गा खरिद गर्न नपाइने तर जग्गा धनि लालपुर्जा हुनुपर्ने व्यवस्था भएकोमा कुनै पनि व्यक्तिबाट निःशुल्क जग्गा नपाइने कारण भोतिक पुर्वाधार निर्माण गर्दा साहै अप्ठ्यारो हुने भएकोले यस आ व २०७५।०७६ मा निर्माण हुने सार्वजनिक भवनहरू सार्वजिक जग्गाहरूमा निर्माण गर्ने र आवश्यक पर्ने निर्माण सामग्री प्राप्तका लागि यसै आधारमा माग गर्ने ।

**निर्णय नं. ६ –** वडा नं. ५ न्हेम गाउँ निवासी श्री थाया दोर्जी लामाले दिएको निवेदन अनुसार निजको व्यवसायिक रूपमा रहेका ३१ वटा बाख्राहरू भारी हिमपातका कारणले मरेकोले व्यवसायीलाइ राहत पुर्याउन ४००००।  (अक्षररूपी रू चालिस हजार) राहत उपलब्ध गराउने ।

**निर्णय नं. ७ –** यस गाउँपालिकामा कार्यरत करारमा नियुक्ति भएका सम्पुर्ण कर्मचारीहरूको करार सम्झोता वि.सं. २०७५ पुस मसान्तमा समाप्त भएकोले २०७६ असार मसान्त सम्म नविकरण गर्ने ।

**निर्णय नं. ८–** तपशिलमा उल्लेखित योजनाहरूको निर्माणका लागि नाम संशोधन गर्ने ।

| सि.नं. | साविकको योजना/कार्यक्रमको नाम, ठेगाना | बजेट | संशोधन भएको योजनाको नाम | बजेट |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | मुचु सामुदायिक भवन फर्निचर निर्माण | १ लाख | मुचु सामुदायिक भवनको झ्याल, ढोकाको पल्ला, फर्निचर, भुइ सिलिङ र भान्छा घर निर्माण | ५ लाख |
| २ | मुचु सामुदायिक भवनको भुइ सिलिङ | १ लाख | | |
| ३ | मुचु सामुदायिक भवनको भान्सा निर्माण | ३ लाख | | |
| | जम्मा | ५ लाख | | ५ लाख |
| ४ | लेखधिगामा खेलकुद मैदान | २ लाख | नाम्खाखोङजोङ विधालय भवन निर्माण | १० लाख |
| ५ | नाम्खाखोङजोङ विधालय भवन मर्मत | ७ लाख | | |
| ६ | नाम्खाखोङजोङ विधालयको शोचालय निर्माण (२) | १ लाख | | |
| | जम्मा | १० लाख | | १० लाख |
| ७ | गाउँपालिका तथा वडा पुर्ण खोप घोषणा कार्यक्रम | २ लाख | विधालयमा प्राथमिक उपचार सम्बन्धमा तालिम | २ लाख |
| ८ | गाउँघर क्लिनिक उपकरण खरिद | १ लाख ८० हजार | स्वास्थ्य कर्मीका लागि HMIS तालिम | १ लाख ८० हजार |
| ९ | सामुदायिक भवन निर्माण, खगालगाउ | १८ लाख | खगालगाउ जलविधुत निर्माणका लागि सिमेन्ट खरिद तथा सामानहरू ढुवानी | १८ लाख |
| १० | यांगार सामुदायिक भवनको माथिल्लो तला थप भुइ सिलिङ र भुइतलाको झ्याल ढोका र भुइ सिलिङ सिमेन्ट | ११ लाख | यांगार सामुदायिक भवनको माथिल्लो तला थप र भुइ पि.सि.सि. | ११ लाख |

**निर्णय नं. ९–** धिगा स्थित नाम्खाखोङजोङ विधालय भवन निर्माणका लागि बजेट नपुग्ने भएकोले प्राविधिक इस्टिमेट अनुसार ६५ वटा जस्ता पाता उपलब्ध गराउने गर्ने ।

**निर्णय नं. १०–** तपसिलका योजनाहरू हाल भत्किएर जिर्ण भएकोले मर्मतका लागि मर्मत सम्भार कोषबाट खर्च व्यहोर्ने गरी निर्माण गर्ने ।

१. खगालगाउँ ढल निकास मर्मत रू २ लाख
२. यांगार सिचाइ कुलो मर्मत रू ७५ हजार
३. याल्वाड सिचाइ कुलो मर्मत रू ७५ हजार
४. लामाखोल्सी सिचाइ कुलो मर्मत रू ७५ हजार र १२ वोरा सिमेन्ट उपलब्ध गराउने ।
५. ग्याउङ देखि च्यारेजी पुल सम्म घोडेटो बाटो मर्मत रू १ लाख

**निर्णय नं. ११–** नेपाल दुरसंचार प्राविधिकरण कमलादी काठमाडोको प्रकाशित मिती २०७५।१०।२७ को सुचना अनुसार हालसम्म इन्टरनेट सेवा नपुगेका स्थानिय तहमा सुचना प्रविधि सेवा केन्द्र स्थापना गर्ने भएकाले यस गाउँपालिकामा पनि इन्टरनेट नपुगेका कारणले सो सम्बन्धमा नेपाल दुरसंचार प्राविधिकरण समक्ष प्रस्ताव पेश गर्ने ।

**निर्णय नं. १२–** यस नाम्खा गाउँपालिकाको आ.व. २०७५।०७६ को बार्षिक बजेटमा जनप्रतिनिधीहरूको सेवा सुविधाहरूका लागि विनियोजन भएको रकमले नपुग हुने भएकोले स्थानीय भत्ता शिर्षकबाट १७ लाख जनप्रतिनिधीहरूको सेवा सुविधा शिर्षकमा रकम रकामान्तर गर्ने ।

१. खगालगाउँ ढल निकास मर्मत रू २ लाख
२. यांगार सिचाइ कुलो मर्मत रू ७५ हजार
३. याल्वाड सिचाइ कुलो मर्मत रू ७५ हजार
४. लामाखोल्सी सिचाइ कुलो मर्मत रू ७५ हजार र १२ वोरा सिमेन्ट उपलब्ध गराउने ।
५. ग्याउङ देखि च्यारेजी पुल सम्म घोडेटो बाटो मर्मत रू १ लाख